बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

**कृषि विकास कार्यालय, सिन्धुली**

सूचना नं १६/२०८२/०८३

प्रथम पटक प्रकाशित मितिः २०८२/११/२६

## समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम अन्तर्गत सेवा करारमा कृषि प्राविधिक (सहायकस्तर चौथो) आवश्यकता सम्बन्धी सूचना

कृषि विकास कार्यालय, सिन्धुलीको चालु आ.व. २०८२/०८३ को स्विकृत वार्षिक कार्यक्रम अनुसार कृषि विकास कार्यालय सिन्धुली, सुनकोशी गाउपालिका र लेकवेसी कृषक समुह, सुनकोशी गाउपालिका वडा नम्बर ५ को सहकार्यमा सुनकोशी गाउपालिकाको वडा नम्बर ५ मा सञ्चालित "समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम" कार्यक्रमलाई सरल, सहज तथा पारदर्शि ढङ्गवाट सञ्चालन गर्नको लागि सेवा करारमा कृषि प्राविधिक (नायव प्राबिधिक सहायक, सहायकस्तर चौथो) आवश्यक भएकोले इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा दरखास्त दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका दरखास्त छनोटका लागि समावेश हुने छैन । दरखास्त यस कार्यालयको इमेल ठेगाना *adosindhuli@gmail.com* मार्फत समेत पेश गर्न सकिनेछ।

तपसिल

| क.सं. | पद | माग संख्या | सेवाको किसिम | आवश्यक न्यूनतम शैक्षिक योग्यता | परीक्षाको किसिम |
|---|---|---|---|---|---|
| १ | कृषि प्राविधिक (नायव प्राबिधिक सहायक, सहायकस्तर चौथो | १ | सेवा करार | मान्यता प्राप्त शिक्षण संस्थावाट जे.टि.ए. (कृषि विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सि उत्तीर्ण वा एस.इ.ई मा कम्तिमा "सी" ग्रेड वा टि.एस.एल.सी. उत्तीर्ण, | शैक्षिक योग्यता, कार्य अनुभव र अन्तर्वार्ता |

पेश गर्नुपर्ने आवश्यक कागजातहरु

१. प्रदेश लोक सेवा आयोग, बागमतीको प्रदेश अनुसूची-५ बमोजिमको दरखास्त फाराम,
२. राजश्व जम्मा गरेको भौचर,
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
४. बैयत्तिक विवरण (Curriculum Vitae),
५. शैक्षिक योग्यताको लब्धाङ्कपत्र र चारित्रिक प्रमाण पत्रको प्रतिलिपी,
६. शैक्षिक योग्यताको समकक्षता आवश्यक हुनेको हकमा सो निर्धारण भएको कागजातको प्रतिलिपी,
७. सरकारी वा सरकारी मान्यता प्राप्त संघ/संस्थामा सम्बन्धित विषय/क्षेत्रको कार्य अनुभव भएमा सोको प्रमाणपत्रको प्रतिलिपी,
८. सम्बन्धित विषय/क्षेत्रमा तालिम लिएको भए सो प्रमाण पत्रको प्रतिलिपी,
९. आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा माथिको शैक्षिक योग्यता भएमा सो प्रमाण पत्रको प्रतिलिपी,
१०. आवेदक सम्बन्धित पालिका वा वडाको भएमा स्थानीय तहको सिफारिस पत्र,

दरखास्त दिने अन्तिम मितिः २०८२/१२/०२ गते कार्यालय समयभित्र

अनुप अधिकारी
प्रमुख
(अधिकृतस्तर नवौं)

<u>दरखास्त दस्तुर</u>: रु. ७०० (सात सय मात्र)

<u>दरखास्त दस्तुर बुझाउने</u>:

- कार्यालयः कृषि विकास कार्यालय, सिन्धुली
- कार्यालय कोडः ३१२०१२५०४३
- राजस्व शीर्षकः १४२२४(परीक्षा शुल्क)
- राष्ट्रिय वाणिज्य बैंकको राजश्व खातामा जम्मा गर्ने

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि विकास कार्यालय सिन्धुली

<u>नोट</u>:

- सम्बन्धित गाउपालिका वा वडाको आवेदकलाई अतिरिक्त प्राथमिकता दिइनेछ ।
- इमेलबाट दरखास्त पेश गर्दा आवश्यक सम्पुर्ण कागजातहरु स्पष्टसँग स्क्यान गरेर पेश गर्नुपर्नेछ, कुनै कागजात अपुग भई छनोट हुन नसकेमा कार्यालय जवाफदेहि हुने छैन,
- उल्लेखित पदको विज्ञापन सम्बन्धि जानकारी, कार्यविवरण, अन्तर्वार्ता मिति लगायतको विस्तृत सूचना कृषि विकास कार्यालय, सिन्धुलीको वेवसाइटः www.sindhuli.akc.gov.np मा प्रकाशन हुनेछ ।

अनुप अधिकारी
प्रमुख
(अधिकृतस्तर नवौं)

## समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम अन्तर्गत करारमा लिने कृषि प्राविधिकको ( सहायकस्तर चौथो) कार्यविवरण

**१. पृष्ठभूमिः** वागमती प्रदेश सरकार, सुनकोशी गाउँपालिका र लेकवेसी कृषक समुह, सुनकोशी गाउँपालिका वडा नम्बर ५ को सहकार्यमा सुनकोशी गाउपालिकाको वडा नम्बर ५ मा आर्थिक वर्ष २०८१।८२ देखि समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम सञ्चालन भइरहेको छ । सो कार्यक्रमलाइ सरल, सहज तथा पारदर्शि ढङ्गवाट सञ्चालन गर्नको लागि कृषि प्राविधिक पदमा नियुक्तिको लागि यो कार्यविवरण तयार गरिएको छ ।

**२. पदः** कृषि प्राविधिक(सहायकस्तर चौथो)

**३. पदको किसिमः** करार

**४. पदाधिकार रहने कार्यालयः** कृषि विकास कार्यालय, सिन्धुली

**५. काम गर्ने स्थानः** सुनकोशी गाउँपालिका वडा नम्बर ५, सिन्धुली

**६. तलब (मासिक):** वार्षिक स्वीकृत बजेट तथा सम्झौतामा उल्लेख भए बमोजिम

**७. काम गर्ने समयः** नेपाल सरकारले तोकेको कार्यालय समय बमोजिम

**८. कामको मुख्य जिम्मेवारीः**

(क) समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम सम्बन्धी गर्नु पर्ने विभिन्न क्रियाकलापहरुको सञ्चालन तथा सहजीकरण गर्ने,

(ख) कार्यक्रमवाट लाभान्वित हुने कृषकहरुको विवरण तयार गर्ने,

(ग) कार्यक्रम सञ्चालन भइरहेको वा कार्यालयले तोकेको अन्य क्षेत्रमा कृषिसँग सम्बन्धित प्राविधिक सेवा प्रदान गर्ने,

(घ) समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रमको कार्ययोजना अनुसारको क्रियाकलापहरु सञ्चालन गर्ने,

(ङ) समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयन क्षेत्रमा कार्यालयले तोकेको नविनतम प्रविधि प्रदर्शन, अध्ययन परिक्षण सम्बन्धि काम गर्ने,

(च) कार्यक्रम सञ्चालन भएको स्थानमा कृषि विकास कार्यालयबाट सञ्चालित कार्यक्रमहरुको स्थलगत अनुगमन तथा निरिक्षण गरि कार्यालयलाई मासिक रुपमा प्राविधिक प्रतिवेदन पेश गर्ने,

(छ) कार्यक्षेत्र भित्रका कृषकहरुलाई कृषि विकास कार्यालयको बार्षिक स्विकृत कार्यक्रमहरुको प्रस्ताव र व्यावसायिक योजना तयार गर्न सहजिकरण गर्ने,

(ज) समुह तथा स्थानीय तहसँग समन्वय गरि कार्यक्रम तथा कृषिसँग सम्बन्धित तथ्याङ्क संकलन तथा अद्यावधिक गरि कार्यालयलाई जानकारि गराउने,

(झ) प्राकृतिक प्रकोपको समयमा तोकेको क्षेत्रमा खटिई क्षतिको विवरण र तथ्याङ्क संकलनमा सहयोग गर्ने,

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि विकास कार्यालय सिन्धुली

अनुप अधिकारी
प्रमुख
(अधिकृतस्तर नवौं)

(ञ) समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रमको तथ्याङ्क पुस्तिका तयारीमा सहयोग गर्ने,

(ट) समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयन गर्ने समुहको व्यवस्थापन तथा परिचालन गरि समुहलाइ सक्रिय बनाइराख्ने,

(ठ) पालिकाको योजना तर्जुमा कार्यमा कृषि सम्बन्धि विषयहरुमा आवश्यक प्राविधिक सहयोग, समन्वय र सहकार्य गर्ने,

(ड) पालिकासँग समन्वय गरि कार्यालयलाइ आवश्यक परेको तथ्याङ्क उपलब्ध गराउने,

(ढ) कृषि प्रसार सेवा प्रवाह गर्न कार्यालयले तोकेको अन्य कार्य गर्ने ।

९. उत्तरदायित्व:

(क) गुणस्तरीय कार्यको सुनिश्चितता गर्नु,

(ख) कृषकको कृषि सम्बन्धि प्रविधि प्रयोगमा दक्षता विकास गर्नु,

(ग) पारदर्शि ढङ्गले कार्यसम्पादन तथा लाभग्राही छनौट गर्नु,

(घ) उन्नत कृषि प्रविधिको प्रयोगवाट व्यवसायिकता अभिवृद्धि गरि कृषि उत्पादन वृद्धिमा सहयोग गर्नु,

१०. कर्तव्य:

(क) स्वीकृत ऐन, नियम तथा कार्यविधिको पालना गर्नु,

(ख) प्राप्त गोप्य सूचना, तथ्याङ्क तथा कागजातको गोपनियता कायम राख्ने,

(ग) समयमै प्रतिवेदन, अभिलेख र प्रगति विवरण तयार गर्नु,

(घ) कार्यालय प्रमुखवाट दिइएको निर्देशन, मार्गदर्शनको पालना गर्नु,

(ङ) कार्यालय प्रति जवाफदेहि रहनु ।

११. आवश्यक न्यूनतम योग्यता:

(क) मान्यता प्राप्त शिक्षण संस्थावाट जे.टि.ए. (कृषि विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सि उत्तीर्ण वा एस.इ.ई मा कम्तिमा "सी" ग्रेड वा टि.एस.एल.सी. उत्तीर्ण,

(ख) कुनै पनि कानूनवाट अयोग्य नभएको ।

अनुप अधिकारी
प्रमुख
(अधिकृतस्तर नवौं)